Received Date: July 2024 Revised: Aug. 2024 Accepted: Sep.2024

थेरवादी बौद्ध धर्ममा महापरित्राण सूत्रपाठ

डीकबहादुर राई
एमफिल/पिएचडी (दोस्रो वर्ष)
त्रि.वि.,बौद्ध अध्ययन केन्द्रीय विभाग
dbraikulung@gmail.com
DOI: 10.3126/hj.v16i1.76376

सार

बुद्धको समयकालदेखि नै परित्राण सूत्रको पाठ गर्ने प्रचलन शुरू भएको मानिन्छ । थेरवाद परम्परामा महापरित्राण सूत्रको पाठ थेरवाद बौद्ध सम्प्रदायमा आवद्ध भिक्षु भिक्षुणी, श्रामणेर, श्रामणेरी लगायत उपासक उपासिका सबैले महापरित्राणको पाठ गर्ने प्रचलन हालसम्म यथावत रूपमा विद्यमान छ । विभिन्न समय, परिस्थिति र आवश्यकताअनुसार बुद्धले विभिन्न बिषयमा विभिन्न प्रकारको देशनाहरू गरेका थिए । उनले सबै देशनामा मानव लगायत सबै प्राणीलाई भय, रोग, विघ्नवाधा, अनिष्ट, शोक आदिबाट बचाउनको लागि र सबैको कल्याणको निमित्त दिएको हो । बुद्धका देशनाबाट छनौट गरिएका प्रमुख सूत्रहरूको संग्रह 'महापरित्राण सूत्र' हो । पाठबाट मानिसमा चित्तको शुद्धता आई यसले मानव जीवनमा सकारात्मक मनोवैज्ञानिक प्रभाव पारी यसबाट कुशल कर्ममा सहयोग पुग्ने विश्वास रहेको छ । बुद्धवचनको रूपमा धेरै महत्व रहेको महापरित्राण सूत्रपाठको जानकारी कम मानिसहरूमात्र जानकारी रहेको पाइयो । यस लेखमा मूल पालि ग्रन्थ, र जनसमाजमा प्रचलनमा रहेको परम्परालाई जोड दिएर गुणात्मक विधि अपनाइएको छ । साथै सांस्कृतिक र आध्यात्मिक पक्षको व्याख्या गर्न वर्णनात्मक र व्याख्यात्मक अनुसन्धान विधि अपनाइएको छ । *यस लेख लेख्नलाई बुद्धवचन संग्रहित पालि ग्रन्थहरूलाई प्राथमिक श्रोत र अन्य विद्वानवर्गहरूबाट रचना गरिएका लेखहरूलाई द्वितिय श्रोतको रूपमा प्रयोग गरिएको छ । मानव जीवनमा आउने विभिन्न समस्याअनुसार समाधान हुने सूत्रहरू परित्राण पाठमा समावेश भएको पाइएको छ । बुद्धको उपदेशसहित समावेश भएको महापरित्राण सूत्रपाठलाई श्रद्धापूर्वक पाठ र श्रवणका साथै व्यवहारमा अभ्यास गरेमा निर्वाणसम्मको मार्ग तय गर्न सक्दछ भन्ने विश्वास रहेको छ ।*

शब्दकुञ्जी : देशना, भय, मंगलकार्य, रोगव्याधि, शोक ।

सम्यक् सम्बुद्धत्व ज्ञान प्राप्त पछि बुद्धले पैतालिस वर्षसम्म निरन्तर ब्रह्मादेखि देवीदेवता, मनुष्य र सबै सत्वप्राणीलाई धर्मदेशनाको अमृतपान गराएको त्रिपिटक ग्रन्थहरूमा उल्लेख छ । ती ग्रन्थहरूमा बुद्धका उपदेशहरूको संख्या चौरासी हजार धर्मस्कन्धहरू रहेको छ । यी उपदेशहरूको मूल उदेश्य भनेको सम्पूर्ण क्लेषहरूबाट मुक्ति गर्नु हो । क्लेषबाट मुक्त हुनको लागि प्रयत्नशील गृहस्थी, श्रवण, भिक्षुहरू सबैमा भयहरूबाट मुक्त भई हितसुख हुने देशनाहरू बुद्धले दिएको थियो । बुद्ध स्वयंले पाठ गरेको परित्राणहरू त्रिपिटकमा छरिएर रहेका छन् । ती छरिएर रहेका परित्राणहरूलाई विभिन्न भिक्षुहरूले फूलको माला जस्तै उनेर महापरित्राणको संग्रह गरेको प्रसंग पाइन्छ । थेरवाद बौद्ध धर्मलाई अनुसरण गर्ने सम्प्रदायमा महापरित्राणको धेरै महत्व रहेको छ किनकी सही पाठ र श्रवणबाट कुशल कर्ममा बृद्धि भई पुण्यको संचय हुन्छ हुने र यही पुण्यबाट निर्वाणगामी मार्गको लागि सहयोग पुग्न जाने

विश्वास रहेको छ । विश्व भरी धेरै मुलुकमा रहेका धेरै मानिसहरूले बुद्ध धर्म अपनाउँदै आएका छन् । धेरैजसोले परित्राणबारे जिज्ञासु राखी अध्ययन गर्न चाहन्छ । विभिन्न थेरवादी बौद्ध अनुष्ठानहरूमा महापरित्राणका पाठहरू अनिवार्य रहेको हुन्छ । परित्राण विभिन्न प्रकारका हुन्छन्; जसमा कार्यक्रम प्रयोजनको आधारमा पाठ गरिन्छ । परित्राण पाठ विधि सम्मत पाठ गरिने र यसको श्रवण पनि विधि सम्मत नै गरिन्छ । बुद्ध धर्मको विकास सँगै यसको महत्व र प्रचलनमा पनि विस्तार हुँदै हाल आएर यसको बृहद् रूपमा व्यवहारमा लागु हुँदै आएको छ ।

बुद्धले विभिन्न समय र परिस्थितीअनुसार विभिन्न व्यक्तिलाई देशना गरेका परित्राण सूत्रहरू त्रिपिटकभित्र छरिएर रहेका छन् । ती छरिएर सूत्रहरूलाई एकत्रित गरेर थेरवाद परम्परामा व्यवहारमा लागु भएका विषयमा विभिन्न व्यक्तिले लेखहरू मार्फत प्रकाशित गरे पनि प्रागिक तरिकाले अध्ययन भएको पाइएन । त्रिपिटकभित्र कुन ग्रन्थमा कुन सूत्र उल्लेख भएको छ, सो विषयमा धेरै जसो लेखकहरू र अनुयायीहरू अनभिज्ञ छन् । त्यसैले यस लेखको मूल उद्देश्य त्रिपिटिकभित्र कुन ग्रन्थमा कुन सूत्र बुद्धले उपदेश दिएको हो पालि भाषासहित उजागर गर्नु रहेको छ ।

विधि

यस लेखमा बुद्धको समयदेखि हालसम्म थेरवादी बौद्ध परम्परा महापरित्राण सूत्रपाठको व्यवहारमा लागु गर्दै आएकोलाई गुणात्मक अनुसन्धान पद्धतिलाई प्रयोग गरिएको छ । यस अनुसन्धानमा पालि भाषामा लेखिएका मूल ग्रन्थको आधारमा महापरित्राण सूत्रपाठको सांस्कृतिक र आध्यात्मिक पक्षको व्याख्या गर्न वर्णनात्मक र व्याख्यात्मक अनुसन्धान विधि अपनाइएको छ । मूल पालिग्रन्थहरूमा पालि भाषामा लेखिएका विभिन्न परित्राण सूत्रहरूलाई पालि भाषामा जस्ताको त्यस्तै उतार गरिएको छ । यस लेखमा प्राथमिक स्रोत र द्वितीय स्रोत दुवै प्रयोग गरी सूचनाहरू संकलन गरिएको छ । प्राथमिक स्रोतको रूपमा मूल ग्रन्थको आधारमा अनुवाद गरिएका ग्रन्थ र मूल ग्रन्थमै लेखिएका भाषा र द्वितीय स्रोतको रूपमा परित्राण सूत्र पाठ सम्बन्धी लेखिएका प्रकाशित पुस्तक र लेखहरू तथा अनलाइनमा अपलोड गरिएका पुस्तकहरूबाट संकलन गरिएको छ ।

परित्राणको अर्थ

पालि शब्दकोशअनुसार 'परित्त' शब्द 'परि'मा 'ते' प्रत्यय लागेर बनेको हो । पालि भाषामा '*परिसमन्ततो तायति रक्खतीति परित्त*' अर्थात् चारैतिरबाट आउने भय र विघ्नबाधाबाट रक्षा गर्ने अर्थमा परिभाषा गरिएको छ । पालि भाषाको 'परित्त' शब्दलाई संस्कृत भाषामा 'परित्राण' भनिन्छ । *व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश*अनुसार 'परितः' भन्नाले जताततै वा चारैतिर र 'परित्राण' भन्नाले '*परिपूर्वकात् त्रैङ् पालनपूरणयोः इति धातोः*' अर्थात 'आपद परेकालाई रक्षा गर्ने' अर्थमा रहेको छ (ढुङ्गाना, वि.सं.२०७८) । नेपाली शब्दकोशमा 'त्राण' धातुमा 'परि' उपसर्ग लागेर बनेको उल्लेख छ । 'परित्राण' शब्दमा 'परि' र 'त्राण' दुवै शब्दको अलग अलग अर्थ पनि लाग्छ र एकै शब्दमा पनि लाग्छ तर ती दुवै अर्थमा भने भिन्नता छैन । 'परि' को अर्थ वरिपरि वा चारैतिर भन्ने हो भने 'त्राण' को अर्थ 'रक्षा गर्ने', 'बचाउने', 'प्रतिरक्षा गर्ने', 'साहरा दिने', 'आश्रय दिने', 'राहत दिने' वा 'छुटकारा दिलाउने' भन्ने हो । *प्रज्ञा नेपाली बृहत् शब्दकोश*अनुसार 'परित्राण' सिंगो शब्दको अर्थ आपतविपत परेको समयमा रक्षा गर्नु, बचाउनु, आरक्षण दिनु, आश्रय दिनु, साहरा दिनु उल्लेख छ (उप्रेती, वि.सं.२०७९) । मानिसको जीवनमा चारैतिरबाट आईपर्ने विभिन्न प्रकारको दुःख, भय, त्रास, अन्तराय विघ्नबाधा, रोगव्याधिहरूलाई हटाउनको लागि मंगलको कामना राखी छुटकारा पाउन गरिने पाठलाई 'परित्राण' भनिन्छ ।

वास्तवमा बौद्ध धर्मालम्बीहरू लगायत सत्वप्राणीको सांसरिक फाइदा एवं हित सुख पुर्‍याउने उद्देश्यले विभिन्न समयमा बुद्धबाट सूत्रहरूको देशना भएको थियो । मानव जीवनमा चारैतिरबाट आउन सक्ने सम्भाव्य भय, विघ्नवाधाहरू, उपद्रव, रोगव्याधी, शोक, अनिष्ट आदिबाट सुरक्षित रहन यस प्रकारको आशिष एवं शुभकामनाहरू युक्त परित्राण सूत्रहरू पठन, पाठन, मनन, धारण .गरेमा निश्चय नै मुक्त भई जीवन सफल बन्न सक्नेछ । परित्राण सूत्रहरू सरल रूपमा ग्रहण गर्न सक्ने गरी भय, शान्ति, रोगव्याधि मुक्ति वा लामो जीवन निर्वाह गर्न, दुःख मुक्त, उपद्रवबाट शान्ति आदि पाउनको लागि पाठ वाचन गरिन्छ । परित्राणको विधिबाट सबै प्रकारको मृत्युलाई टार्ने नभई आयु बाँकी रहेकोलाई अकुशल कर्मबाट बचाई कुशल संस्कारतर्फ अगाडि बढाउन बुद्धबाट देशना भएको हो । सुकेर मरी सकेको रुखलाई हजारौं घडाले सिंचित गरे पनि बचाउन नसके झै आयु सकिएको प्राणीलाई जति नै औषधी उपचार र परित्राण सूत्रपाठले बचाउन सक्दैन । तर परित्राणको प्रभावबाट मैत्री भाव उत्पन्न भई डस्न आएको सर्पले डस्न नसक्ने, पिट्न उठाएको लौरोलाई फालेर प्रेमभाव बढाउने, बौलाएको हात्ती नजिकै आए पनि शान्त हुने, बलेको आगोको राप पनि मधुर हुने, पेटमा बिष परेको अवस्थामा पनि यसको असर मधुर भई हानी मुक्त हुने *मिलिन्द प्रश्न*मा नागसेन भन्तेले मिलिन्द राजालाई बताएको छ (भिक्षु शोभन, वि.स.२०६१) । परित्राणको नियमित पाठबाट जीवनलाई स्वच्छ र महान बनाई अन्तमा निर्वाणसम्म प्राप्त हुने उल्लेख रहेको छ। यस प्रकार परित्राणको माध्यमबाट मार्गफल प्राप्त गरेको उदाहरण पनि रहेको छ।

परित्राणका सूत्रहरू पालि बौद्ध ग्रन्थका विभिन्न निकायमा उल्लेख भएको पाइन्छ । यी सूत्रहरूलाई निकायहरूबाट संकलन गरी समूहगत नामको रूपमा 'परित्तसूत्र' वा 'परित्राण'को रूपमा नामकरण गरेको छ । *दीघनिकाय*को तेस्रो वग्ग 'पाथिकवग्गो'को नवौं सूत्र आटानाटिय सूत्रमा चतुर्महाराजहरू (धृतराष्ट्र, विरुढक, विरूपाक्ष, वैश्रवण), भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू यक्ष, यक्षणी, गन्धर्व, नाग, नागिनी लगायत भूतप्रेतहरूले दुर्भावना राखेको अवस्थामा आटानाटिय रक्षा सूत्र ठीकसँग पाठ गरे धारण गरेमा सुरक्षित रहने उल्लेख छ (बज्राचार्य, वि.सं.२०५६ र सांकृत्यायन, ई १९३७) । कुनै खास अवसर पारी घर, विहार र धार्मिक स्थलमा परित्राण पाठ भिक्षुहरूद्वारा गराउने र यसबाट लाभसिद्धि प्राप्त हुने मान्यता रहेको छ । यसको पाठ र श्रवणको कारणले विभिन्न भय अन्तराय र विघ्न बाधा हट्नुको साथै सुख शान्ति प्राप्त हुने विश्वास बुद्धकालीन समयदेखि नै रही आएको देखिन्छ।

परित्राणको पाठ गर्ने वा श्रवण गर्नेहरूले आवश्यक विधि एवं अङ्ग पूरा गरेको हुनु पर्ने, आवश्यक अङ्ग पूरा नभएको खण्डमा परित्राणबाट लाभ प्राप्त हुँदैन । *दीघनिकाय*को 'पथिकवग्ग अट्ठकथा' र *मिलिन्द प्रश्न*मा उल्लेख भएअनुसार परित्राणको पाठ गर्ने र यसको श्रवण गर्नेहरूले निम्न अङ्ग पूरा गर्न आवश्यक रहेको छ (सांकृत्यायन, सन् १९३७) । परित्राण पाठ गर्नेले पालना गर्नु पर्ने तीन अङ्गहरू– परित्राणको शुद्ध गरी पाठ गर्नुपर्ने; परित्राणको अर्थ जानेर पाठ गर्नुपर्ने र पाठ श्रवण गर्नेहरू प्रति मैत्रीपूर्ण चित्त राखी पाठ गर्नुपर्ने । परित्राणको श्रवण गर्नेहरूले पूरा गर्नु पर्ने तीन अङ्गहरू– पञ्चमहापापमा नपरेको व्यक्ति हुनु पर्ने; नियत मिथ्यादृष्टि नपरेको व्यक्ति हुनु पर्ने र श्रवण गरी रहेको परित्राण प्रति विश्वास हुनु पर्ने ।

परित्राणको शुरूवात

परित्राण सूत्रको वाचन गर्ने प्रारम्भ बुद्धबाट देशना भएको र परित्राणसूत्र पाठ एक लाख चोटी चक्रवालमा आभास भएको प्रसंग पाइन्छ । बुद्ध वैशालीमा हुँदा त्यहाँ ठूलो रोगव्याधी र अनिकालको समस्या भएको समयमा बुद्धले भिक्षु आनन्दलाई परित्राण सूत्र पाठ गर्न लगाई भयबाट मुक्त गराएको प्रसंग रहेको छ (वज्राचार्य, वि.स.२०७०) । यस समयमा बुद्धबाट तीन प्रकारको भयहरू दुर्भिक्षभय,

रोगभय र अमनुष्यभयबाट बच्नको लागि भिक्षु आनन्दलाई परित्राण सूत्र पाठ गर्न दिएको थियो (बज्राचार्य, वि.स. २०७०) । अरहन्त महाकाश्यप महास्थविर, मौदगल्यायन महास्थविर, चुन्द महास्थविर जस्ता निक्लेषी भिक्षुहरू बिरामी भएको समयमा बुद्धले बोज्झाङ्ग सूत्र पाठ गरी रोगलाई शान्त पारेको घटना *संयुक्तनिकाय* अन्तर्गत 'महावग्ग'को बोज्झाङ्ग संयुक्तको प्रथम गिलान सूत्र र द्वितिय गिलान सूत्रमा उल्लेख छन् (कश्यप, ई.१९५४) । बुद्ध स्वयं बिरामी भएको समयमा चुन्द महास्थविरलाई सोही बोज्झाङ्ग सूत्र पाठ गर्न लगाई रोग शान्त पारेको प्रसंग *संयुक्तनिकाय*को तृतीय गिलान सूत्रमा उल्लेख छ (कश्यप, ई.१९५४) । बुद्धले श्रावस्तीका एक भिक्षुलाई सर्पले डसेको समयमा स्खन्धसूत्र पाठ गरी उक्त सर्पको विषबाट मुक्त गराएको घटनाले परित्राण पाठ बुद्धको समयदेखि चलिआएको भन्ने पुष्टी हुन्छ । परित्राण सूत्रको पाठबाट सात दिनसम्म मात्रै आयु भएको आयु वडढन नाम गरेका एक जना राजकुमारको एक सय बीस वर्षसम्म बाँचेको उल्लेख रहेको छ (शाक्य, वि.सं.२०४६) । बुद्धको महापरिनिर्वाणपछि पनि धार्मिक कार्यमा परित्राण सूत्रको महत्वपूर्ण स्थान रहेको छ । राजा मिलिन्दले नागसेन भन्तेलाई परित्राण सूत्र सम्बन्धि प्रश्न गर्दा नागसेन भन्तेले राम्रो उत्तर दिएको प्रसंग *मिलिन्द प्रश्न*को 'अभेद वर्ग'मा उल्लेख छ (भिक्षु शोभन, वि.सं.२०६१) ।

*चुल्लवंश*अनुसार बुद्धशासन सम्वत् ९१२ को लंकाद्विपमा उपतिष्य द्वितिय राजाको समयताका वैशालीमा जस्तै दुर्भिक्षरोगभय हुँदा भिक्षुहरूलाई तीन यामसम्म रतन सूत्रको पाठ गराउँदा भय शान्त भएको प्रसंग उल्लेख छ (शाक्य, वि.सं.२०४६) । बर्मामा पनि 'च्याङ् से तो' भन्ने राजाको दरवार बनाउँदा अरह स्थविर भिक्षु प्रमुखले चार हजार भिक्षुहरूबाट परित्राण सूत्र पाठ गराएको प्रसंग शिलालेखमा उल्लेख छ (शाक्य, वि.सं.२०४६) ।

परित्राण सूत्रको पाठबाट केवल रोग, व्याधि, भय मात्र निको हुने नभई आचरणहरूलाई पालना गरेको खण्डमा पनि सम्पुर्ण दुःखबाट मुक्त भई जीवन सुख शान्तिमय भएर जाने र अन्तमा निर्वाणसम्म पुग्ने बौद्धहरूमा विश्वास रहेको छ । बुद्धले मंगलसूत्रको देशना गर्नु हुँदा देशनाको अन्तमा एक हजार कोटी देवताहरूले अर्हत प्राप्त गरेका र अनगिन्ती संख्यामा श्रोतापति फल प्राप्त गर्नुका साथै बुद्धको रतनसूत्रको देशनाबाट चौरासी हजार प्राणीहरूले दुःखबाट मुक्त भई मार्गफल प्राप्त गरेका कुरा बौद्धहरू विश्वास गर्दछन् ।

विभिन्न अवस्थामा पाठ गरिने परित्राण सूत्रमध्ये अति नै प्रख्यात भएका सूत्रहरू मंगलसूत्र, रतनसूत्र, बोज्झङ्गसूत्र, मेत्तसूत्र, धजग्गसूत्र, अंगुलीमालसूत्र, खन्धसूत्र, मोरसूत्र र आटानाटियसूत्रहरू हुन् । मंगलको कामना गर्ने मंगलसूत्र, रोगभय अन्तराय विघ्नबाधा हटाउनको लागि रतजसूत्र र बोज्झङ्गसूत्र, मानसिक भयत्रास आदि उत्पन्न भएको अवस्थामा धजग्गसूत्र, सर्पादि विषधारी प्राणीहरूबाट रक्षार्थ स्कन्धसूत्र, दुर्घटना आदिबाट बच्नको लागि मोरसूत्र, यक्षादि अमानुषहरूबाट बच्नको लागि आटानाटियसूत्र पाठ गर्ने परम्परा रहँदै आएको छ ।

परित्राणको पाठबाट चारैतिरबाट आउन सक्ने भय, रोगहरूबाट मुक्ति र मंगल कल्याण प्राप्त गर्नको लागि हुन्छ । बुद्धवचनलाई सत्यता ठानी अधिष्ठान गरिन्छ । यसमा वाचक र श्रोताको मन निर्मल भई श्रद्धा बृद्धी भई सुखद, कुशल र कल्याणयुक्त तरंग उत्पन्न हुन्छ । यसबाट मनमा दृढता उत्पन्न भएर मानसिक शक्तिमा बृद्धि भई रोग, भय, आपद, विपदसँग संघर्ष गर्न मद्दत गर्दछ । बुद्धले सम्भावित घटना वा खतराहरू, शत्रुभय, रोगभय, मृत्युभय वा कुनै नयाँ गतिविधि, नयाँ गृह प्रवेशको अवसरमा पनि यसको पाठ गर्न अनुमोदन गर्ने गरिन्छ (भान हेन स्टडी ग्रुप, ई १९९८०) । परित्राण सूत्र सत्य वचनको

प्रभावले वातावरणलाई प्रभाव पारी विपत्ति वा सम्भावित भय स्वतः तरेर जान्छ वा बिलाएर जान्छ । यो एक प्रकारको मानसिक उपचार पनि हो र यसलाई दूरानुभूति (Telepathy) भनेर पनि मान्न सकिन्छ । एकचित्तले पाठ गरेमा सम्बन्धित व्यक्तिसम्म परित्राण सूत्रको प्रभावले भलो हुने गर्दछ ।

परित्राण पाठ गर्ने क्रममा सूत्रहरूलाई बढी महत्त्व दिएको पाइन्छ । पाठ गर्दा केवल पाठ मात्र गर्ने नभई आचरणलाई पनि महत्त्व दिएको पाइन्छ । वास्तवमा सदाचरण गरेको खण्डमा सकल प्राणीको हित र भय आदिबाट मुक्त हुन्छ भन्ने विश्वास गरिन्छ । परित्राण सूत्रले कर्मअनुसारको फल वा मृत्यु हुनेलाई कुनै प्रकारले बचाउन नसके तापनि बाँकी रहेको आयु र अकुशल कर्महरूबाट मुक्त हुन बुद्धले देशना गरेको हो । बौद्ध परम्परामा परित्राण सूत्रको महत्त्व जसरी आमाले गर्भमा बसेको बच्चाको सुरक्षा दिएर सावधानीपूर्वक जन्म दिन्छिन् र माया गरेर रेखदेख गरेर हुर्काउछिन, त्यस्तै गरी परित्राणका पाठले पनि सबैको रक्षा गर्ने भिक्षु नागसेनले महाराज मिलिन्दलाई बताएको प्रसंग *मिलिन्द प्रश्न*मा उल्लेख छ (प्रधान, वि.सं.२०७६) ।

थेरवादी बौद्धधर्मको बाहुल्यता रहेका मुलुकहरू बर्मा, थाईल्याण्ड, श्रीलंकामा महापरित्राणको पाठ एक वा दुई दिन मात्र होईन सात दिनसम्म गर्ने चलन रहेको छ । सात दिनसम्म पाठ गर्ने परित्राण पाठलाई 'सतिपरित' (साप्ताहिक परित्राण) पाठ भन्ने गरिन्छ । रातीको समयमा पाठ गरिने महापरित्राण पाठलाई 'सर्वरात्री महापरित' भनिन्छ । परित्राण पाठ गर्दा पाठ गर्ने भिक्षुहरूलाई मण्डपभित्र राम्रो आसनको व्यवस्था गरिएको हुन्छ । श्रीलंकामा रातको समयमा पनि महापरित्राण पाठ गर्ने चलन रहेको छ । पालि भाषामा रहेको परित्राण सूत्रहरू भिक्षु, भिक्षुणी, उपासक र उपासिका सबैले सानै उमेरदेखि परित्राण सूत्र कण्ठस्थ पार्ने गरेको पाइन्छ । पालि भाषामा भएका अरु साहित्यभन्दा परित्राण सूत्रलाई बढी महत्त्व दिएको पाइन्छ । काठमाडौँ उपत्यकामा सर्वप्रथम महापरित्राणको पाठको शुभारम्भ वि.सं.१९९८ साल कार्तिकशुक्लपूर्णिमाको दिन स्वयम्भूको पर्वतस्थानबाट भएको थियो । (भिक्षु सुदर्शन, वि.सं.२०६८) परित्राण पाठ जस्तै काठमाडौँ उपत्यकाका वज्रयानी बौद्धहरूले पञ्चरक्षा पाठ गर्ने भए तापनि आजभोलि परित्राण पाठप्रति पनि आकृष्ट हुँदै गएकाले यसको महत्त्व दिनानु दिन बढ्दै गइरहेको छ ।

परित्राण पाठ विधि

धेरै सूत्रहरूको समष्टिगत रूप नै महापरित्राण सूत्र हो । महापरित्राण पाठ सुसज्जित मण्डपसहितको आसनमा बसी धेरै जना भिक्षुहरूका सामूहिक पाठबाट शुरु गरिन्छ । महापरित्राण सूत्र पाठमा जम्मा २९ वटा भाग हुन्छन्–

सरणागमन, दससिक्खापदानी, सामणेर पञ्हो, द्वत्तिंसकार, पच्चवेक्खणा, दसधम्मसूत्र, महामंगलसूत्र, रतनसूत्र, करणीयमेत्तसूत्र, खन्धपरित्त, मेत्तसूत्र, मेत्तनिसंससूत्र, मोरपरित्त, चन्दपरित्त, सुरियपरित्त, धजग्गपरित्त, महाकस्सपत्थेर बोज्झङ्ग, महामोग्गल्लनत्थेर बोज्झङ्ग, महाचुन्दत्थेर बोज्झङ्ग, गिरिमानन्दसूत्र, इसिगिलिसूत्र, धम्मचक्कप्पवत्तनसूत्र, महासमयसूत्र, आवलकसूत्र, कसीभारद्वाजसूत्र, पराभवसूत्र, वसलसूत्र, सच्चविभंगसूत्र, आटानाटियसूत्र प्रथम, आटानाटियसूत्र द्वितिय यस पछि अन्तमा पुण्यानुमोदन र जल तथा धागो वितरणको कार्य हुन्छ । ((भिक्षु सुदर्शन, वि. सं. २०६८)

नेपाल लगायत थाईल्याण्ड, बर्मा, श्रीलंका आदि देशहरूमा श्रद्धावान् उपासक उपासिकाहरू बिरामी भएको अवस्थामा, गृह प्रवेश गर्ने समयमा, जन्मदिन आदि मांगलिक कार्यमा महापरित्राण पाठ गराउने चलन रहेको छ । महापरित्राण सूत्र एकै भए पनि यसको पाठ गर्ने विधिहरूमा ठाउँअनुसार र प्रचलनमा आएको मान्यताअनुसार केही भिन्नता पाइन्छन् । विभिन्न समय र परिस्थिति वा अवसरअनुसार

तोकिएको विशेष सूत्रहरू पाठ गर्नुका साथै प्रमुख भिक्षुहरूको स्वविवेकको आधारमा थप सूत्रहरूको पनि पाठ गर्ने गरिन्छ । महापरित्राण पाठ गर्नको लागि जमिनभन्दा केही माथि उठाएर शुद्ध सेतो वस्त्रले छोपिएको मूल जलघडा र वरिपरि केराको खम्बा, रुखको पातको साथमा ध्वजा पताकाहरूले सिंगारेर मण्डप तयार गरिन्छ । मण्डपको वरिपरि सूत्र धागोले तीन पटक घुमाएर जलघडामा डुवाई राखिन्छ । उपस्थित भिक्षु महासंघका सदस्यहरू आसनमा बसेपछि प्रमुख भिक्षुबाट आव्हान सूत्र मार्फत देव आराधना गरिन्छ । त्यस पछि त्रिरत्न शरणागमन र शील ग्रहण गरेर मूल परित्राण पाठमा प्रवेश हुन्छ । मूल परित्राण पाठ सकिएपछि अन्तमा पुण्यानुमोदनको पाठ गरिन्छ ।

त्रिरत्न शरणागमन धर्मको बोध गर्न मिथ्यादृष्टिबाट सम्यकदृष्टिमा प्रवेश गर्ने प्ररम्भिक चरण हो । सबैभन्दा पहिले बुद्धको आज्ञानुसार सारिपुत्र महास्थविरले राहुललाई बुद्धशासनमा श्रामणेर शिक्षा दिन त्रिशरणागमन गराएको *खुद्दकपाठ*मा उल्लेख छ (काश्यप, ई.१९५९) । थेरवाद बौद्ध परम्पराअनुसार बौद्धहरूले कुनै पनि पुण्य कार्य गर्नु पूर्व त्रिशरणागमनपछि पञ्चशील ग्रहण गर्ने गरिन्छ । शीलको शाब्दिक अर्थ 'सदाचार' हो । बुद्धको शिक्षा ग्रहण गर्न इच्छुक व्यक्ति वा परित्राण पाठ गराउने व्यक्तिले बुद्धको प्रतिमा अगाडि उभिएर वा बसेर नमस्कारमुद्रामा त्रिशरणागमनपछि शीलको प्रार्थना गरिन्छ । शीलहरू पञ्चशील वा अष्टशील वा दश शील हुन्छ । पञ्चशीलभित्र प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, झुटो नबोल्ने, काममिथ्याचार नगर्ने र मादक पदार्थ सेवन नगर्ने पर्दछन् । अष्टशीलभित्र पञ्चशीलमा तीन वटा शील– विकाल भोजन नगर्ने, नाचगान, वाद्यवादन, मेलातमासा नहेर्ने र माला, गन्ध, लेपन, शरीर श्रृंगार नगर्ने थपिएका छन् । अष्टशीलमा दुई वटा शील उच्च र महान शैचयामा नबस्ने वा नसुत्ने र सुनचाँदि पैसा नछुने थपेर दशशील हुन्छ । यी दश शीललाई *अंगुत्तरनिकाय*को खुद्दकपाठमा 'दससिक्खापदं' उल्लेख छ (कश्यप, ई.१९५९) । शीलको प्रार्थना गर्दा पञ्लशील, अष्टशील वा दशशील भनेर वाचन गरिन्छ । परित्राण पाठको समयमा जलपूजा, खाद्यपूजा, फलफूलपूजा, व्यञ्जनपूजा, भेसज्जपूजा, पानपूजा, दीपपूजा, पुष्पपूजा, धूपपूजा, चैत्यपूजा, क्षमापूजा, आशिकापूजा, प्रतिपतिपूजा, कामनापूजा आदि हुन्छ ।

महापरित्राणमा पाठ गरिने सूत्रहरू

विभिन्न अवस्था वा परिस्थितिमा पाठ गरिने परित्राण सबै पालि भाषाबाट पाठ गरिन्छ । महापरित्राण पाठ गर्दा सबभन्दा पहिला र अन्तमा सामुहिक परित्राण गरिने आवाहन गाथा हो ।

> *"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स । समन्ता चक्कवालेसु, अत्रागच्छन्तु देवता ।*
> *सद्धम्म मुनिराजस्स, सुणन्त सग्गमोक्खदं । परित्तस्सवणकालो, अयं भद्दन्ता ॥"* (यसलाई तीन पटक वाचन गरिन्छ)

१. आवाहन सूत्र (देव आवाहन सूत्र):

> *"ये सन्ता सन्त चित्ता तिसरण सरणा एत्थ लोकन्तरे वा भुम्मा भुम्मा च देवा गुण-गण-गहण, ब्यावटा सब्बकालं ।*
> *एते आयन्तु देवा, वर-कनक-मये मेरु राजे वसन्ता, सन्तो सन्तोष हेतुं मुनि-वर-वचन, सोतु मग्गं समग्गा ॥*
> *सब्बेसु चक्कवालेषु, यक्खा देवा च ब्रम्हणो । यं अम्हेहि कतं पुञ्ञं, सब्बसम्पतिसाधकं ।*
> *सब्बे तं अनुमोदित्वा, समग्गा सासने रता । पमाद-रहिता होन्तु, आरक्खासु विसेस्सतो ॥*
> *सासनस्स च लोकस्स, बुड्ढि भवतु सब्बदा । सासनम्पि च लोकञ्च, देवां रक्खन्तु सब्बदा ॥*
> *सद्धि होन्तु सुखी सब्बे, परिवारेहि अत्तनो । अनीधा सुमना होन्तु, सह सब्बेहि ञातिभि ॥"*
>
> (भिक्षु सुदर्शन, वि.सं. २०६८)

यस सूत्रको पाठद्वारा विभिन्न चक्रवालमा बस्ने देवताहरूलाई परित्राण श्रवण गर्न आउनु होस् भनी आवाहन गरिन्छ । यस आवाहनको प्रभावले देवताहरूको आगमन भई उनीहरू लगायत हामी सबैले समान रूपले विविध प्रकारका सहयोग र फाईदा पाउन सकिने हुन्छ । यो सूत्र लंकाद्विपमा सुमन श्रामणेरद्वारा देवआरधानमा आधारित भएको मानिन्छ ।

२. मंगल सूत्र

"बहू देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं । आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गलमुत्तमं ॥१॥
असेवना च बालानं, पण्डितानञ्च सेवना । पूजा च पूजनीययानं, एतं मङ्गलमुत्तमं ॥२॥
पतिरूप देसवासो च, पुब्बे चकतपुञ्ञता । अत्तसम्मापणिधि च, एतं मङ्गलमुत्तमं ॥३॥
बाहुसच्चञ्च सिप्पञ्च, विनयो च सुसिक्खितो । सुभासिता च या वाचा, एतं मङ्गमुत्तमं ॥४॥
माता पितु उपट्ठानं, पुत्तदारस्स सङ्गहो । अनाकुला च कम्मन्ता एतं मङ्गलमुतं ॥५॥
दानञ्च धम्म चरिया च, ञतकानञ्च सङ्गहो । अनवज्जानि कम्मानि, एतं मङ्गलमुत्तमं ॥६॥
आरति विरति पापा, मज्जपाना च सञ्ञमो । अप्पमादो च धम्मेसु, एतं मङ्गलमुत्तमं ॥७॥
गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता । कालेन धम्मसवनं, एतं मङ्गलमुत्तमं ॥८॥
खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं । कालेन धम्मसाकच्कछा, एतं मङ्गलमुत्तमं ॥९॥
तपो च ब्रह्मचरिया च, अरियसच्चान दस्सनं । निब्बान सच्छिकिरिया च, एतं मङ्गलमुत्तमं ॥ १०॥
फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स च कम्पति । असोकं विराजं खेमं, एतं मङ्गलमुत्तमं ॥११॥
एतादिसानि कत्वान, सब्बत्थ मपराजिता । सब्बत्थ सोत्थिं गच्छति, तं तेसं मङ्गलमुत्तमं ॥१२॥" (सूत्रपिटक, खुद्दकपाठ, ५।१-१२)

यस सूत्रको पाठद्वारा मंगल, कल्याण तथा कुशल हुन्छ भन्ने विश्वास रहेको छ । यसमा मानिसहरूको उन्नति प्रगतिका लागि चाहिने ११ वटा गाथाद्वारा ३८ वटा मंगलधर्म बुद्धले इन्द्रको अनुरोधमा बताएको थियो । बौद्ध परम्पराअनुसार गर्भवती हुँदा, बच्चा जन्मदा, बच्चाको नामाकरण गर्दा, भीमारथारोहण गर्दा, पहिलो अक्षर सिक्दा, विवाह जस्ता मंगल आदि कार्यहरूमा मंगल सूत्रको पाठ गरिन्छ ।

३. रतन सूत्र

"यानीध भूतानि समागतानि, भुम्मानि वा यानिव अन्तलिक्खे । सब्बेव भूता सुमना भवन्तु, अथोपि सक्कच्च सुणन्तु भासितं ॥१॥
तस्मा हि भूता निसामेथ सब्बे, मेत्तं करोथ मानुसिया पजाय ।दिवा च रत्तो च हरन्ति ये बलिं, तस्माहि ने रक्खथ अप्पमत्ता ॥२॥
यं किञ्चि वित्तं इध वा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं । ननो समं अत्थि तथागतेन, इदम्पि बुद्धे रतनै पणीनं । एतेन सच्चेन सुवत्थि होतु ॥३॥
खयं विरागं अमतं पणीत, यदज्भगा सक्यमुनी समाहितो । न तेन धम्मेन समत्थि किञ्चि, इदम्पि धम्मे रतनं पणीतं । एतेन सच्चेन सुवत्थि होतु ॥४॥
यं बुद्धसेट्ठो परिवण्णयी सुचिं, समाधिमानन्तरिकञ्ञमाहु । समाधिना तेन समो न विज्जति, इदम्पि धम्मे रतनं पणीतं । एतेन सच्चेन सुवत्थि होतु ॥५॥
ये पुग्गला अट्ठसेतं पसत्था, चत्तारि एतानि युगानि होन्ति । ते दक्खिणेय्या सुगतस्स सावका, एतेसु दिन्ननिनि महप्फलानि । इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥६॥
ये सुप्पयुक्ता मनसा दल्हेन, निक्कामिनो गोतमसासनह्मि । ते पत्तिपत्ता अमतं विगह्य,लद्धा मुधा निब्बुति भुञ्जमाना । इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥७॥

यथिन्दखीलो पठविंसितो सिया, चतुब्भि वातेहि असम्पकम्पियो । तथूपमं सप्पुरिसं वदामि, यो अरियसच्चानि अवेच्च पस्सति । इदम्पि संघे रतनं पणीत, एतेन सच्चेन सुवत्थि होतु ॥८॥

ये अरियसच्चानि विभावयन्ति, गम्भीर पञ्ञेन सुदेसितानि । किञ्चापि ते होन्ति भुसप्पमत्ता, न ते भवं अट्ठामं आदियन्ति । इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥९॥

सहावस्स दस्सनसम्पदाय, तयस्सु धम्मा जहिता भवन्ति । सक्कायदिट्ठि विचिकिच्छितञ्च, सीलब्बतं वापि यदत्थि किञ्चि । चतुहपायेहि च विप्पमुत्तो, छचाभिठानानि अभब्बोकातुं । इदम्पि संघे रतनं पणीतं, सच्चेन सुवत्थि होतु ॥१०॥

किञ्चापि सो कम्मं करोति पापकं, कायेन वाचा उदचेतसा वा । अभब्बो सो तस्स पटिच्छादाय, अभब्बता दिट्ठपदस्स वुत्ता । इदम्पि संघे रतनं पणीतं, सच्चेन सुवत्थि होतु ॥११॥

वनप्पगुम्बे यथा फुस्सितग्गो, गिह्मानमासे पठमस्मिं गिह्मे । तथूपमं धम्मवरं अदेसयि, निब्बानगामिं परमं हिताय । इदम्पि बुद्धे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१२॥

वरो वरञ्ञू वरदो वराहरो, अनुत्तरो धम्मवरं अदेसयि । इदम्पि बुद्धे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१३॥

खीणं पुराणं नवं नत्थि सम्भवं, विरत्तचित्ता आयतिके भवस्मिं । ते खीणबीजा अविरुल्हिच्छन्दा निब्बन्ति धीरा यथायं पदीपो । इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१४॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे । तथागतं देवमनुस्स पूजितं, बुद्धं नमस्साम सुवत्थि होतु ॥१५॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे । तथागतं देवमनुस्स पूजितं, धम्मं नमस्साम सुवत्थि होतु ॥१६॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे । तथागतं देवमनुस्स पूजितं, संघं नमस्साम सुवत्थि होतु ॥१७॥ "(सुत्तनिपात, चुल्लवग्ग १।१-१७)

यस सूत्रको पाठमा बुद्ध हुनका लागि चाहिने आधारभूत तत्वहरूको चर्चा, त्रिरत्नको विभिन्न गुण र विशेषताको महत्त्व बताइएको छ । यस सूत्रमा भएको त्रिरत्नको गुण र विशेषताहरूको श्रवणबाट मन प्रसन्न हुने र यसको प्रभावले रोग, भय, अन्तराय हट्न गई शान्ति प्राप्त गर्न सक्ने विश्वास रहेको छ । यस सूत्रलाई बुद्धको आज्ञाअनुसार आनन्द भन्तेद्वारा वैशालीमा वाचन गरेको मानिन्छ । वैशालीमा अनिकाल हुँदा खानेकुराहरूको अभावले धेरै मानिसहरू अकालमा मृत्य भए । रोग र शोकले भय उत्पन्न भएको समयमा भगवान बुद्धले त्यो दुःख, भय र अशान्तिलाई शान्त गर्न यो सूत्रको आज्ञा भएको थियो । आयुष्मान आनन्द भन्तेले बुद्धबाट यो सूत्र सुनेर रातको तेस्रो प्रहरमा पाठ गरेको उल्लेख छ ।

४. मैत्री सूत्र

करणीयमत्थकुसलेन, यं तं सन्तं पदं अभिसमेच्च । सक्को उजू च सूहुजु च, सुवचो चस्स मुदु अनतिमानी ॥१॥

सन्तुस्सको च सुभरो च, अप्पकिच्चो च सल्लहुकवुत्ति । सन्निन्द्रियो च निपको च, अप्पगब्भो कुलेसु अननुगिद्धो ॥२॥

न च खुद्दं समाचरे, किञ्चि येन विञ्ञु परे उपवदेय्यो । सुखिनो वा खेमिनो होन्तु, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥३॥

ये केचि पाण भूतत्थि, तसा वा थावरा वा अनवसेसा । दीघा वा ये महन्ता, वा मज्झिमा रस्सका अणुकथूला ॥४॥

दिट्ठा वा ये व अदिट्ठा, ये च दूरे वसन्ति अविदूरे । भूता वा सम्भवेसी वा, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥५॥

न परो परं निकुब्बेथ, नानिमञ्ञेथ कत्थचि नं किञ्चि । ब्यारोसना पटिधसञ्ञा, नाञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य ॥६॥

माता यथा नियं पुत्तं, आयुसा एक पुत्तमनुरक्खे । एवम्पि सब्बभूतेसु, मानसं भावये अपरिमाणं ॥७॥

मेत्तञ्च सब्लोकस्मिं, मानसं भावये अपरिमाणं । उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेरं असपत्तं ॥८॥

तिट्ठ चरं निसिन्नो वा, सयानो वा यावं तस्स विगतमिद्धो । एतं सतिं अधिट्ठेय्य, ब्रह्ममेतं विहारं इधमाहु ॥९॥

दिट्ठिञ्च अनुपगम्म सीलवा, दस्सनेन सम्पन्नो । कामेसु विनेय्य गेधं, नहि जातु गब्भसेय्यं पुनरेतीति ॥१०॥ (खुद्दकनिकाय, खुद्दक पाठ, ९।१-१०)

यस सूत्रको पाठको प्रभावले वातावरण नै मैत्रीपूर्ण हुन गई मानसिक एवं शारीरिक आनन्द पाउन सकिन्छ भन्ने मान्यता रहेको छ । सूत्रमा उल्लेखित उपदेशअनुसार व्यहार गर्न सकेमा निर्वाण समेत लाभ हुन सक्ने बताइएको छ । बुद्धले मैत्री भावनाका ११ वटा आनिसंस (फल)हरू बताएका छन् । (भिक्षु बोधिसेन, वि.सं.२०६८) । हामीले मैत्री भावना राख्न सकेमा सुख पूर्वक सुत्न, उठ्न सकिन्छ, रातमा नराम्रो स्वप्न देखिन्न, चित्तलाई एकाग्र बनाउन सकिन्छ । यस सूत्रलाई बुद्धले श्रावस्तीको जेतवन विहारमा ५०० जना भिक्षुहरूलाई देशना गरेका थिए ।

५. खन्ध सूत्र

"विरूपक्खेहि मे मेत्तं, मेत्तं एरापथेहि मे । छब्यापुत्तेहि मे मेत्तं, मेत्तं कण्हागोतमकेहि च ॥१॥

अपादकेहि मे मेत्तं, मेत्तं द्विपादकेहि मे । चतुप्पदेहि मे मेत्तं, मेत्तं बहुप्पदेहि मे ॥२॥

मा मं अपादको हिंसि, मा मं हिंसि द्विपादको । मा मं चतुप्पदो हिंसि, मा मं हिंसि बहुप्पदो ॥३॥

सब्बे सत्ता सब्बे पाणा, सब्बे भूता च केवला । सब्बे भदानि पस्सन्तु मा कञ्चि पापमागमा ॥४॥

अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो, अप्पमाणो संघो, पमाणवन्तानि सिरिसपानि अहिविच्छिका सतपदी उण्णनाभि सरबू मूसिका कता मे रक्खा कत मे परित्तं पतिक्कमन्तु भूतानि सोहं नमो भगवतो नमो सत्तन्तं सम्मासम्बुद्धानन्ति ।"(अंगुत्तरनिकाय,"चतुक्कनिपात ७६७)

यस सूत्रको पाठको प्रभावले विषधारी सर्प, बिच्छी आदिबाट कुनै विघ्न बाधा आइपर्दैन भन्ने विश्वास गरिन्छ । यसको बिषयवस्तुहरू र सूत्रहरू विनय पिटक, चूल्लवग्ग, खुद्दकवत्थुखन्धक, अहिराज परित्तं; अंगुत्तरनिकाय, चतुक्क निपात, पत्तकम्मवग्गो, अहिराज सूत्रं, खन्ध जातक, जातक अट्ठकथा भाग २ मा रहेको छ । एक जना भिक्षु विषालु सर्पको टोकाईबाट मृत्यु भए पछि यस सूत्रलाई बुद्धले श्रावस्तीको जेतवन विहारमा सर्वप्रथम देशना गरेका थिए (भिक्षु बोधिसेन, वि.सं. २०७२) ।

६. मयूर सूत्र

"उदेतयं चक्खुमा एकराजा हरिस्सवण्णो पठविप्पभासो । तं तं नमस्सामि हरिस्सवण्णं पठविप्पभासं, तयज्ज गुत्ता विहारे दिवसं ॥१॥

ये ब्राम्हणा वेदगू सब्बधम्मे, ते मे नमो ते च मं पालयन्तु । नमत्थु बुद्धानं नमत्थु बोधिया, नमो विमुत्तानं नमो विमुत्तिया । इमं सो परित्तं कत्वा मोरो चरति एसना ॥२॥

अपेतयं चक्खुमा एकराजा हरिस्सवणो पठविप्पभासो । तं तं नमस्सामि हरिस्सवण्णं पठविप्पभासं, तयाज्ज गुत्ता विहरेमु रत्तिं ॥३॥

ये ब्राम्हणा वेदगू सब्बधम्मे ते मे नमो ते च मं पालयन्तु । नमत्थु बुद्वनं नमत्थु बोधिया, नमो विमुत्तानं नमो विमुत्तिया । इमं सो परित्तं कत्वा मोरो वासमकप्पयीति ॥४॥" (जातक पालि, १५९।१७-१८)

यो सूत्रको पाठद्वारा हुन सक्ने दुर्घटना र उद्विग्न चित्तहरूबाट टाढा रहन वा बच्न सकिन्छ भन्ने विश्वास गरिन्छ । यो सूत्रको देशना बुद्धद्वारा जेतवन विहारमा दिएका थिए । मोर जातक (१५९) मा बोधिसत्व एक पटक मयूर भई जन्म लिएको र त्यस समयमा त्रिरत्नको गुणानुस्मरणबाट वनमा निर्विघ्न भई विचरण गरेको प्रसंग उल्लेख छ (भिक्षु शोभन, वि.स.२०६१) ।

७. बटाइँ सूत्र

अत्थि लोके सीलगुणो, सच्चं सोचेय्य नुद्दाय । तेन सच्चेन काहामि, सच्चकिरिय मुत्तमं ॥
आवज्जेत्वा धम्मबलं, सरित्वा पुब्बे जिने । सच्चबल मवस्साय सच्चकिरिय मकास हं ॥
सन्ति पक्खा अपतना, सन्ति पादा अवञ्चना । माता पिता च निक्खन्ता, जातवेदपटिक्कम ॥
सह सच्चे कते मयूहं, महापज्जलितो सिखी । वज्जेसि सोलस करिसानि, उदकं पत्वा यथा सिखी । सच्चेन मे समो नत्थि, एसा मे सच्चपरासी ॥" (खुद्दकनिकाय, चरियापिटक, ९।८-११)

यो सूत्र पाठबाट आगोबाट बचाउने, लागेको आगोको प्रभाव कम गराउने वा भविष्यमा हुन सक्ने आगलागिबाट बचाउने गर्दछ भन्ने मान्यता रहेको छ । एक समयमा मगध राज्यमा जन्मेको बटाइँ पक्षीको कथामा भर्खर जन्म भएका सानो बच्चालाई आगो लागेर सखाप भयो । त्यस बच्चालाई जन्म दिने बटाइँहरू आगोबाट ज्यान बचाउन भागेर अन्यत्र गए । सानो बच्चा बटाइँले सबै बुद्धको स्मरण गरी यस लोकमा शीलाचरणको महात्म्यलाई सम्झी आफ्नो जीवन रक्षा गर्न सत्यकृयालाई आव्हान गरी ज्यान बचाएको प्रसंग रहेको छ ।

८. धजग्ग सूत्र

यस्सानुस्सरणेनापि, अन्तलिक्खेपि पाणिनो । पतिट्ठमधिगच्छन्ति, भूमियं विय सब्बथा ॥
सब्बूपद्दवजालम्हा, यक्खचोरादि सम्भवा । गणना न च मुत्तानं, परित्तं तं भणामहे ॥

अरञ्ञे रुक्खमूले वा, सुञ्ञागारेव भिक्खवो । अनुस्सरेथ सम्बुद्धं भयं तुम्हाकं नो सिया ॥१॥

नो चे बुद्धं सरेय्याथ लोकजेट्ठं नरासभं । अथ धम्मं सरेय्याथ नियानिकं सुदेसितं ॥२॥

नो चे बुद्धं सरेय्याथ नियानिकं सुदेसितं । अथ संघं सरेय्याथ पुञ्ञक्खेत्तं अनुत्तरं ॥३॥

एवं बुद्धं सरन्तानं धम्मं संघंञ्च भिक्खवो । भयं वा छम्भितत्तं वा लोमहंसो न हेस्सतीति ॥४॥ (संयुत्तनिकाय, सगाथावग्गपालि, ११।३।२४९)

भविष्यमा हुन सक्ने भय त्रास, राक्षस, चोर आदि हटोस् भनी यो सूत्रको पाठ गरिन्छ । जंगल, रुखमुनि, एकान्तवासमा बुद्ध, धर्म र संघको गुणको अनुस्मरण गर्नाले चोरभय र डरहरू हट्ने उल्लेख भएको छ । यो सूत्रको देशना बुद्धले श्रावस्ती र जेतवनमा दिएको थियो । (कश्यप, ई.१९५४) ।

९. आटानाटिय सूत्रं(आटानाटिय सूत्र)

"विपसिस्स च नमत्थु, चक्खुमन्तस्स सिरिमतो । सिखिस्सपि च नमत्थु ,सब्बभूतानुकम्पिनो ॥१॥
वेस्सभुस्स च नमत्थु, न्हातकस्स तपस्सिनो । नमत्थु ककुसन्धस्स, मारसेनापमद्दिनो ॥२॥
कोणागमनस्स नमत्थु, ब्राह्मणस्स वुसीमतो । कस्सपस्स च नमत्थु, विप्पमुत्तस्स सब्बधी ॥३॥
अङ्गिरसस्स नमत्थु, सक्यपुत्तस्स सिरीमतो । यो इमं धम्मं देसेसि, सब्बदुक्खापनूदनं ॥४॥
ये चापि निब्बुता लोके, यथाभूतं विपस्सिसुं । ते जना अपिसुणाथ, महन्ता वीतसारदा ॥५॥

हितं देवमनुस्सानं, यं नमस्सन्ति गोतमं । विज्जाचरणसम्पन्नं, महन्तं वीतसारदं ॥६॥
यतो उग्गच्छनि सूरियो, आदिच्चो मण्डली महा । यस्स चुग्गच्छमानस्स, संवरी पि निरुज्झति ।
यस्स चुग्गते सूरिये, दिवसोति पवुच्चति ॥७॥
रहदो पि तत्थ गम्भीरो, समुद्दो सरितोखको । एवं तं तत्थ जानन्ति, समुद्दो सरितोदको ॥८॥
इतो सा पुरिमा दिसा, इति नं आचिक्खती जनो । यं दिसं अभिपालेति, महाराजा यसस्सि सो ॥९॥
गन्धब्बानं आधिपति, धतरट्ठो इति नामसो । रमति नच्चगीतेहि, गन्धब्बेहि पुरक्खतो ॥१०॥
पुत्तापि तस्स बहवो, एकनामाति मे सतं । असीति दस एको च, इन्दनामा महब्बला ॥११॥
ते चापि बुद्धं दिस्वान, बुद्धं आदिच्चबन्धुनं । दूरतोव नमस्सन्ति, महन्तं वीतसारदं ।
नमो ते पुरिसाजञ्ञ, नमो ते पुरिसत्तमं ॥१२॥
कुसलेन समेक्खसि, अमनुस्सापि तं वन्दन्ति । सुतं नेतं अभिण्हसो, तस्मा एवं वदेमसे ।
जिनं वन्दथ गातमं, जिनं वन्दाम गोतमं । विज्जाचरणसम्पन्नं बुद्धं वन्दाम गोतमं ।
येन पेता पवुच्चन्ति, पिसुणा पिट्ठिमंसिका । पाणातिपातिनो लुद्दा, चोरा नेकतिका जना ॥१३॥
इतो सा दक्खिणा दिसा, इति नं आचिक्खति जनो । यं दिसं अभिपालेति, महाराजा यसस्सि सो ॥१४॥
कुम्भण्डानं आधिपति, विरुल्हो इति नामसो । रमति नच्चतीतेहि, कुम्भण्डेहि पुरक्खतो ॥१५॥
पुत्तापि तस्स बहवो, एकनामाति मे सूत्रं । असीतिं दस एको च, इन्दनामा महब्बला ॥१६॥
ते चापि बुद्धं दिस्वान, बुद्धं आदिच्चबन्धुनं । दूरतोव नमस्सन्ति, महन्तं वीतसारदं ।
नमो ते पुरिसाजञ्ञ, नमो ते पुरिसूत्रम ॥१७॥
कुसलेन समेक्खसि, अमनुस्सापि तं वन्दन्ति । सुतं नेतं अभिण्हसो, तस्मा एवं वदेमसे ॥
जिनं वन्दथ गोतमं, जिनं वन्दाम गोतमं । विज्जाचरणसम्पन्नं, बुद्धं वन्दाम गोतमं ॥
यत्थ चोग्गच्छति सुरियो, आदिच्चो मण्डलीमहा । यस्स चागगचछमानस्स, दिवसोपि निरुज्झति ।
यस्स चोग्गते सूरिये, संवरीति पवच्चति ॥१८॥
रहदोपि तत्थ गम्भीरो, समुद्दो सरितोदको । एवं नं तत्थ जानन्ति, समुद्दो सरितोदको ॥१९॥
इतो सा पच्छिमा दिसा, इति नं आचिक्खति जनो । यं दिसं अभिपालेति, महाराजा यसस्सिसो ॥२०॥
नागानं च आधिपति, विरूपक्खो इति नामसो । रमति नच्चगीतेहि, नागेहि पुरक्खतो ॥२१॥
पुत्तापि तस्स बहवो, एकनामाति मे सुतं । असीति दस एको च, इन्दनामा महब्बला ॥२२॥
ते चापि बुद्धं दिस्वान, बुद्धं आदिचचबन्धुनं । दूरतोव नमस्सन्ति, महन्तं वीतसारदं ।
नमो ते पुरिसाजञ्ञ, नमो ते पुरिसूत्रमं ॥२३॥
कुसलेन समेक्खसि, अमनुस्सापि तं वन्दन्ति । सुतं नेतं अभिण्हसो, तस्मा एवं वदेमसे ।
जिनं वन्दथ गोतमं, जिनं वन्दाम गोतमं । विज्जाचरणसम्पनं, बुद्धं वन्दाम गोगमं ।
येन उत्तरकुरुरम्मा, महानेरु सुदस्सनो । मनुस्सा तत्थ जायन्ति, अममा अपरिग्गहा ॥२४॥
न ते बीजं पवन्ति, न पि नीयन्ति नङ्गला । अकट्ठपाकिमं सालिं, परिभुञ्जन्ति मानुसा ॥२५॥
अकणं अथुसं सुद्धं, सुगन्धं तण्डुलप्फलं । तुण्डिकीरे पचित्वान, ततो भुञ्जन्ति भोजनं ॥२६॥
गविं एकखुरं कत्वा, अनुयन्ति दिसोदिसं । पसुं एकखुरं कत्वा, अनुयन्ति दिसोदिसं ॥२७॥
इत्थी वाहनं कत्वा, अनुयन्ति दिसोदिसं । पुरिस वाहनं कत्वा, अनुयन्ति दिसोदिसं ॥२८॥
कुमारी वाहनं कत्वा, अनुयन्ति दिसोदिसं । कुमार वाहनं कत्वा, अनुयन्ति दिसोदिसं ॥२९॥
ते याने अभिरुहित्वा, सब्बा दिसा अनुपरियन्ति । पचारा तस्स राजिनो ॥३०॥

हत्थियानं अस्सयानं, दिब्बयानं उपट्ठितं । पासादा सिविका चेव, महाराजस्स यसस्सिनो ॥३१॥
तस्स च नगरा अहु अन्तलिक्खे सुमापिता । आटानाटा कुसिनाटा परकुसिनाटा,नाटपुरिया परकुसिटनाटा ॥३२॥
उत्तरेन कपीवन्तो, जनोघमपरेन च । नवनवतियो अम्बर अम्बरवतियो,आलकमन्दा नाम राजधानी । कुवेरस्स खो पन, मारिस महाराजस्स ।
विसाणा नाम राजधानी । तस्मा कुवेरो महाराजा, वेस्सवणोति पवुच्चति ॥
पच्चेसन्तो पकासेन्ति, ततोला तत्तला ततोतला । ओजसि तेजसि ततोजसी, सूरो राजा अरिट्ठो नेमि ।
रहदोपि तत्थ धरणी नाम, यतो मेघा पवस्सन्ति । वस्सायतो पतायन्ति, सभापि तत्थ भगलवती । नाम यत्थ यक्खा पयिरूपासन्ति ।तत्थ निच्चफला रुक्खा, नाना दिज गणायुता । मयूरकोञ्चाभिरुदा, कोकिलाभिहि वग्गुभि ॥३३॥
जीवंजीवकसद्देत्थ अथो ओट्ठवचित्तका । कुकुत्थका कुलीरका, वने पोक्खरसातका ॥३४॥
सुकसलिकसद्देत्थ, दण्डमाणवकानि च । सोभति सब्बकालं सा, कुवेरनलिनी सदा ॥३५॥
इतोसा उत्तरा दिसा, इति नं आचिक्खति जनो । यं दिसं अभिपालेति, महाराजा यसस्सिसो ॥३६॥
यक्खानं अधिपति कुवेरो इति नाम सो । रमति नच्चगीतेहि, यक्खेहि पुरक्खतो ॥३७॥
पुत्तापि तस्स बहवो, एकनामाति मे सुतं । असीतिं दस एको च, इन्दनामा महब्बला ॥३८॥
ते चापि बुद्धं दिस्वान, बुद्धं आदिच्चवन्धुनं । दूरतोव नमस्सन्ति, महन्तं वीतसारदं ।
नमो ते पुरिसाजञ्ञ, नमो ते पुरिसूत्रम ॥३९॥
कुसलेन समेक्खसि, अमनुस्सापि तं वन्दन्ति । सूत्रं नेतं अभिण्हसो, तस्मा एवं वदेमसे ॥
जिनं वन्दथ गोतमं, जिनं वन्दाम गोतमं । विज्जाचरणसम्पन्नं, बुद्धं वन्दाम गोतमन्ति ॥४०॥"
(भिक्षु सुदर्शन, वि. सं. २०६८)

बुद्धले राजगृह गृद्धकुट पर्वतको आटानाटा भन्ने स्थानमा दिएको सूत्र भएकोले आटानाटिय सूत्र भनिएको हो । यसलाई दीघनिकायको पाथिकवग्गमा समेटिएको छ (सांकृत्यायन, ई.१९३७) । यो सूत्र अदृश्य भूत, प्रेत आदि अमनुष्यहरूबाट रक्षा गर्नका लागि महत्वपूर्ण मानिन्छ । वैश्रवण महाराजको अनुरोधमा बुद्धले विभिन्न बुद्धको नाम लगायत चारै दिशामा वास गर्ने प्राणीहरूको लागि यो सूत्र बताइएको हो । बुद्धले भिक्षुहरूलाई देशना गर्दा यो सूत्र पाठ गर्नाले, ग्रहण गर्नाले र धारण गर्नाले सबैको रक्षा हुने, पीडाहरू नहुने र सुखपूर्वक बस्न सकिने बताएको छ (सांकृत्यायन, ई.१९३७) ।

१०. बोज्झङ्ग सूत्र

"यं महाकस्सपत्थेरो, परित्तं मुनि सन्तिका । सुत्वा तस्मिं खणेयेव, अहोसि निरूपद्दवो ।
बोज्झङ्गबल संयुत्तं, परित्तं तं भणामहे ॥ (
मोग्गल्लानोपि थेरो यं, परित्तं मुनि सन्तिका । सुत्वा तस्मिं खणेयेव, अहोसि निरूपद्दवो ।
बोज्झङ्गबलसंयुत्तं, परित्तं तं भणामहे ॥
भगवा लोकनाथो यं, चुन्दत्थेरस्स सन्तिका । सुत्वा तस्मिं खणेयेव, अहोसि निरूपद्दवो ।
बोज्झङ्गबलसंयुत्तं, परित्तं तं भणामहे ॥" (भिक्षु सुदर्शन, वि. सं. २०६८)

यो सूत्रमा दुःख मुक्तिको लागि अपनाउनु पर्ने ७ वटा बोधि अंगको उल्लेख छ (भिक्षु काश्यप, ई.१९५४) । यो सूत्रको पाठको प्रभावले रोग, कष्ट हट्छ भन्ने बौद्धहरू विश्वास गर्दछन् ।

११. पूर्वान्ह सूत्र

"यं दुन्निमित्तं अव-मङ्गलञ्च, यो चामनापो सकुणस्स सद्दो । पापग्गहो दुस्सुपिनं अ-कन्तं, बुद्धानु भावेन विनासमेन्तु ॥१॥

यं दुन्निमित्तं अव-मङ्गलञ्च, यो चामनापो सकुणस्य सद्दो । पापग्गहो दुस्सुपिनं अ-कन्तं, धम्मानु भावेन विनासमेन्तु ॥२॥

यं दुन्निमित्तं अव-मङ्गलञ्च, यो चामनापो सकुणस्य सद्दो । पापग्गहो दुस्सुपिनं अ-कन्तं, संघानु भावेन विनासमेन्तु ॥३॥

दुक्खप्पत्ता च निद्दुक्खा, भयप्पत्ता च निब्भया । सोकप्पत्ता च निस्सोका, होन्तु सब्बेपि पाणिनो ॥४॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं । सब्बे देवा अनुमोदन्तु, सब्बसम्पत्तिसिद्धिया ॥५॥

दान ददन्तु सद्धाय, सीलं रक्खन्तु सब्बदा । भावनाभिरता होन्तु, गच्छन्तु देवता गता ॥६॥

सब्बे बुद्धा बलप्पता, पच्चेकानञ्च यं बलं । अरहन्तानञ्च तेजेन, रक्खं बन्धामि सब्बसो ॥७॥

यं किञ्चि वितं इध वा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं । न नो समं अत्थि तथागतेन, इदम्पि बुद्धे रतनं पणीत । एतेन सच्चेन सुवत्थि होतु ॥८॥

यं किञ्चि वितं इध वा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं । न नो समं अत्थि तथागतेन, इदम्पि धम्मे रतनं पणीत । एतेन सच्चेन सुवत्थि होतु ॥९॥

यं किञ्चि वितं इध वा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं । न नो समं अत्थि तथागतेन, इदम्पि संघे रतनं पणीत । एतेन सच्चेन सुवत्थि होतु ॥१०॥

भवतु सब्बमङ्गलं रक्खन्तु सब्बेदेवता । सब्बबुद्धानुभावेन, सदा सोत्थि भवन्तु ते ॥११॥

भवतु सब्बमङ्गलं रक्खन्तु सब्बेदेवता । सब्बधम्मानुभावेन, सदा सोत्थि भवन्तु ते ॥१२॥

भवतु सब्बमङ्गलं रक्खन्तु सब्बेदेवता । सब्बसंघानुभावेन, सदा सोत्थि भवन्तु ते ॥१३॥

महाकरुणिको नाथो, हिताय सब्बपाणिनं । पूरेत्वा पारमी सब्बा, पत्तो सम्बोधि मुत्वमं ॥

एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा ॥१४॥

जयन्तो बोधिया मूले, सक्यानं नन्दिवडढनो । एवमेव जयो होतु, जयस्सु जयमङ्गले ॥१५॥

अपराजितपल्लङ्के, सीसे पुथुविपुक्खले । अभिसेके सब्बबुद्धानं, अग्गप्पत्तो पमोदति ॥१६॥

"सुनक्खत्तं सुमङ्गलं, सुप्पभारां सुहुट्ठितं । सुखणो सुमुहुत्तो च, सुयिट्ठं ब्रह्मचारिसु "॥१७॥

"पदक्खिणं कायकम्मं, वाचाकम्मं वाचाकम्मं पदक्खिणे । पदक्खिणं भनोकम्मं, पणीधि ते पदक्खिणे । पदक्खिणानि कत्वानं, लभन्तत्थे पदक्दिणे "॥१८॥

"ते अत्थलद्धा सुखिता, विरुल्हा बुद्धासासने। अरोगा सुखिता होथ, सह सब्बेहि ञातिमी" ति ॥१९॥"

(भिक्षु सुदर्शन, वि. सं. २०६८)

कुनै पनि प्रकारको नराम्रो वा अमंगल सपनाहरू देख्ने, पशुपक्षीहरूको नराम्रो आवाज, ग्रह दशा आदिलाई पन्छाउनका लागि यो सूत्रको पाठ गर्ने गरिन्छ (भिक्षु बोधिसेन, वि.सं.२०७०) ।

१२. अंगुलिमाल सूत्र

"परितं यं भणन्तस्स, निसिन्न-ठान-धोवनं । उदकम्पि विनासेति, सब्ब-मेव परिस्सयं ॥

सोत्थिना गब्भ-वुट्ठानं, यञ्च साघेति तङ्खणे । थेरस्स-अंगुलिमालस्स, लोके-नाथेन भासितं ॥

कप्प-ट्ठायिं महा-तेजं, परित्तं तं भणाम हे । यतो-हं भगिनि अरियाय जातिया जातो ना-भिजानामि सञ्चिच्च पाणं जीविता वोरोपेता तेन सच्चेन सोत्थि ते होतु सोत्थि गब्भस्स ।" (मज्झिमनिकाय, मज्झिमवण्णासपालि, ३।३५१)

अंगुलिमालले आफू भिक्षु बनेदेखि कुनै पनि प्रकारको हत्या, हिंसा नगरेको सत्य वचनको प्रभावले एक जना गर्भिणी महिलाले आनन्दपूर्वक प्रसव वेदना पार गरेको विषय यस सूत्रमा उल्लेख रहेको छ । यसैले यो सूत्र गर्भवती महिलालाई सुनाईन्छ ताकि गर्भको बच्चा स्वस्थ भई बिना संकट वा कष्ट जन्मन सकोस् भनी मनोवैज्ञानिक उपचार गरिन्छ । (बज्राचार्य, वि.सं.२०५७ र सांकृत्यायन, ई.९३३) ।

पुञ्ञानुमोदन

"एत्ता वत्ता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदां । सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पति सिद्धिया ॥"

यो तीन पटकसम्म वाचन गरिन्छ । परित्राण पाठको अन्तमा वाचन गरिन्छ । हामीले प्राप्त गर्दै आएको सबै पुण्य सम्पत्तिलाई सम्पूर्ण देवता, सत्व, भूत लगायतले अनुमोदन गरुन् भने उल्लेख छ ।

"इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो। (तीन पटक वाचन गरिन्छ)

मेरो यो पुण्यले हाम्रा आफन्त (ज्ञाति)हरूलाई सुख प्राप्त होस; अहिलेसम्म हामीले प्राप्त गरेको पुण्य सम्पदालाई सबै देवताले सिद्धि प्राप्तिको लागि अनुमोदन गरुन्; अहिलेसम्म हामीले प्राप्त गरेको पुण्य सम्पदालाई सबै सत्व प्राणीहरूले सम्पुर्ण सिद्धि प्राप्तिको लागि अनुमोदन गरुन्; हामीले प्राप्त गरेको पूण्य सम्पदालाई सबै बितिसकेकाले सम्पूर्ण सिद्धि प्राप्तिको लागि अनुमोदन गरुन् भन्ने रहेको छ ।

विभिन्न अवसरअनुसार परित्राण पाठ पनि फरक फरक हुन्छन् । अवसरअनुसार दुई वा दुई भन्दा धेरै सूत्रको पाठ हुन्छ । यसमा कुन कुन सूत्रको पाठ गर्ने हो मूल भिक्षुको स्वविवेक वा इच्छामा भर पर्दछ । सबै प्रकारको परित्राणमा शुरूमा त्रिरत्न वन्दना गरी पञ्चशील, अष्टशील, दशशीलको प्रार्थना गरेर मुख्य परित्राणको पाठ गरिन्छ र अन्तमा पुण्यानुमोदनको पाठ गरिन्छ ।

परित्राणको सूत्रहरूलाई दिनै पिच्छे पाठ गर्दा धेरै लाभ लिन सकिन्छ । परित्राण पाठ सधैं गर्न नसकिने भएमा निम्न बारको आधारमा पनि पाठ गर्न सकिने बौद्ध धर्मका अध्येता मदन रत्न मानन्धरले बताएका छन् (मानन्धर, वि.सं. २०७६) । आइतबार– आवाहन सूत्र र मंगल सूत्र, सोमबार– रत्न सूत्र, मंगलबार– मैत्री सूत्र, बुधबार– खन्ध सूत्र, मोर सूत्र र वट्ट सूत्र, बिहिबार– धजग्ग सूत्र, शुक्रबार– आटानाटिय सूत्र र अंगुलिमाल सूत्र, शनिबार– बोज्भाङ्ग सूत्र र पुब्बाण्ह सूत्र ।

महापरित्राणमा समावेश सूत्रहरू धेरै संख्यामा रहेको कारण हरेक स्थान र हरेक समयमा सबै पाठ गर्न समय नहुन सक्छ । भिक्षु बोधिज्ञानका अनुसार परिस्थिति, ठाउँको अवस्था, प्रयोजनअनुसार र स्वविवेकमा भर पर्ने बताएका छन् (भिक्षु बोधिज्ञान, वि.सं. २०७४) ।

१.चुडाकर्म, गृहप्रवेश, विवाह, बेलविवाह, गुफा राख्ने, भीमरथारोहण (जंको, चौरासी) आदि माङ्गलिक कार्यहरूमा त्रिरत्न गुण, मंगल सूत्र, करणीय मैत्री सूत्र, आवाहन सूत्र, रतन सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

२. सर्प आदि विषालु जीवहरूबाट उत्पन्न हुने विघ्नबाधाबाट सुरक्षाको लागि त्रिरत्न गुण, करणीय मैत्री सूत्र, स्कन्ध सूत्र, वट्ट सूत्र, धजग्ग सूत्र, रतन सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

३. दुर्घटना आदिबाट सुरक्षा हुनको लागि त्रिरत्न गुण, आवाहन सूत्र,. रत्न सूत्र, करणीय मैत्री सूत्र, मोर सूत्र, हेतु प्रत्यय सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

४. यक्ष आदि अमनुष्यहरूको रक्षाको लागि त्रिरत्न गुण, आवाहन सूत्र, रतन सूत्र, आटानाटिय सूत्र, मैत्री सूत्र, पुब्बण्ह सूत्र, करणीय मैत्री सूत्र र हेतु प्रत्यय आदि पाठ गरिन्छ ।

५, बिरामी अवस्थामा त्रिरत्न गुण, आवाहन सूत्र, रतन सूत्र, करणीय मैत्री सूत्र, बोज्भङ्ग सूत्र, गिरिमानन्द सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

६. प्रसव वेदना (गर्भिणी) अवस्थामा त्रिरत्न गुण, आवाहन सूत्र, मङ्गल सूत्र, रतन सूत्र, करणीय मैत्री सूत्र, अंगुलिमाल सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

७. कोही मर्दा पर्दा वा मृत्युको घडीमा त्रिरत्न सूत्र, आवाहान सूत्र, रतन सूत्र, करणीय मैत्री सूत्र, मरणानुस्मृति सूत्र आदि पाठ गरिन्छ । .

८. जग साईत वा जग राख्ने समयमा त्रिरत्न सूत्र, रतन सूत्र, मङ्गल सूत्र, मैत्री सूत्र, स्कन्ध सूत्र र पुब्बण्ह सूत्र

९. दीवंगत व्यक्तिहरूको सम्झनामा, पूण्यस्मृतिमा भोजन गराउने अवसरमा त्रिरत्न सूत्र, करणीय सूत्र, रतन सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

१०. उपलक्ष्य बिना श्रद्धाले भोजन गराउने समयमा त्रिरत्न सूत्र, मङ्गल सूत्र, करणीय सूत्र र पुब्बण्ह सूत्र आदि पाठ गरिन्छ ।

११. चैत्य र बुद्धमूर्ति प्रतिस्थापना गर्ने बेलामा प्रथम बुद्धवचन (अनेक जाति संसारं....), प्रतीत्यसमुत्पाद (अनुलोम प्रतिलोम), यदा ह्वे पातुभवन्ति, चतुवीसति प्रतयय (हेतु प्रत्यायदि),. जयन्तो बोधिय मूले च. अट्ठवीसति गाथा आदि पाठ गरिन्छ । .

१२. भिक्षुहरू दिवंगत भैसकेपछि उनीहरूको शव अन्तिम गौरवको लागि राखिएको अवस्थामा सतिपट्ठान सूत्र र अभिधर्म मतिका पालि सूत्र भिक्षुहरूद्वारा पाठ गरिन्छ ।

विभिन्न विहार तथा श्रद्धालु उपासक उपासिकाहरूको घरघरमा बिहान बेलुका बुद्धपूजा, ध्यान भावना तथा परित्राणको पाठहरू हुने गर्दछ । यस प्रकारको नित्य पूजाहरू, ध्यान भावना तथा परित्राणको पाठहरू गर्नेहरूले श्रद्धाभावहरूलाई बलियो बनाउनु पर्दछ । परित्राणका सूत्रहरूलाई पाठ वा वाचन गरिरहँदा यसलाई विश्वासपूर्वक मैत्रीचित्त राखी वाचन र श्रवण गरेको अवस्थामा यसबाट राम्रो प्रतिफल पनि असिमित हुने विश्वास गरिन्छ । विभिन्न प्रकारको मानिसको जीवनमा आई पर्ने विपत्तिहरूमा परित्राणहरूको पाठहरू गर्दा चित्तको एकाग्रताबाट समथ विपश्यना ध्यान भावनाको अभ्यास गरिन्छ । यस ध्यान भावनाबाट एकाग्र र शान्त चित्तले शोक सन्तापबाट क्रमिक रूपमा मनलाई सहज हुँदै जाने र यसबाट मुक्त हुन जान्छ ।

विभिन्न प्रकारको बाधा समस्याहरूलाई निराकरण गर्न सक्ने परित्राण पनि विभिन्न प्रकारका छन् । मंगल वा कुशल आसयबाट मंगल सूत्रको पाठ गरिन्छ । भयरोग वा अन्तरा हटाउन रतन सूत्र, मैत्रीभाव बृद्धि गर्न मैत्री सूत्र, सर्प आदिबाट बच्नको लागि खण्ध सूत्र, दुर्घटनाहरूबाट बच्न मयूर सूत्र, आगलागिबाट बच्न बट्टाई सूत्र, त्रास र भयबाट बच्न धजग्ग सूत्र, भूतप्रेत आदिबाट बच्न आटानाटिय सूत्र, रोगकष्ट आदिबाट बच्न बोज्झाङ्ग सूत्र, नराम्रो सपनाहरूबाट बच्न पुब्बण्ह सूत्र, महिलाहरूको प्रसव वेदनाको अवस्थामा अंगुलीमाल सूत्रको पाठ गरिन्छ । साथै अन्य सूत्र पनि पाठ गरिन्छ । कुन कुन परित्राणमा कुन कुन सूत्रहरूको पाठ गर्ने हो मुख्य गुरुको निर्भर हुन्छ । यसरी बुद्धको आसयअनुसार परित्राणहरूको पाठबाट आम मानिसमा सकारात्मक शुद्ध चित्तको निर्माण भई कुशल कर्मको सम्पादनबाट पुण्यको संचय हुन्छ र निवार्ण प्राप्त हुने विश्वास गरिन्छ ।

उपसंहार

बुद्धको सम्पूर्ण उपदेशहरूको मूल आशय सबै सत्वप्राणीहरूको कल्याण वा रक्षा गर्नु थियो । विभिन्न समयमा बुद्धले दिएको कल्याणकारी उपदेशहरूलाई एकै स्थानमा संग्रह गरी विभिन्न परिस्थितीमा गरिने माङ्गलिक कार्य वा विपतिको प्रकृतिअनुसार पाठ गर्नेलाई परित्राण भनिन्छ । मानिसको जीवनमा कुनै पनि समयमा कुनै पनि प्रकारको भयरोग, कष्ट, आपद, शोक, ग्रहदशा, विविध संकट, नकारात्मक मनोदशाहरू आई पर्ने हुन्छ । यो सबै दुर्भिक्षहरूबाट मुक्त भएर सुख, शान्ति एवं दीर्घजीवन आदि प्राप्त गर्न यो परित्राणहरू पाठ गर्ने प्रचलन रहेको छ ।

परित्राणको प्रयोग बुद्धकै समयकालबाट विभिन्न काल परिस्थितिहरूमा परित्राणहरू पाठ गरी प्रतिकुल अवस्थालाई वा बाधाहरूलाई हटाउने गरिन्थ्यो । बुद्धको महापरिनिर्वाण पछि बुद्धको देशनाहरूलाई संग्रह गरिएको त्रिपिटक साहित्यभित्र रहेको विभिन्न भय वा रोगहरू शान्तिको लागि गरिएको उपदेशलाई संग्रह गरी परित्राण पाठ गर्ने परम्पराहरू विकास भएको पाइन्छ । आज बौद्ध धर्म मान्ने देशहरूमा विशेष गरी थेरवादी परम्परामा परित्राणलाई विशेष महत्त्व दिएको पाइन्छ ।

बुद्धले सबै धर्महरू अनित्य भएको तर गरिएका सबै कर्मका फलहरू निश्चित छन् । त्यसैले यसलाई प्रमाद रहित भई सम्पादन गर्नु पर्दछ । परित्राणको पाठबाट सबै श्रवणमा मानसिक रूपले मनोवैज्ञानिक सकारात्मक प्रभाव पर्न गई सबैमा कुशल (प्रमाद रहित) चित्त उत्पन्न हुन्छ । यो कुशल चित्तको प्रभावबाट कुशल कर्म सम्पादन गर्न प्रोत्साहन मिल्छ । कुशल कर्मबाट पुण्य संचय भई निर्वाणगामी हुन सकिन्छ । परित्राणबाट अपेक्षित लाभ लिनको लागि परित्राणको पाठ गर्ने र यसको श्रवण गर्ने उपासक उपासिकाहरूले पनि पूरा गर्नु पर्ने अंगहरूलाई यथोचित पूरा गरेको हुनु पर्दछ । परित्राण पाठ गरिने पनि विभिन्न विधिहरू छन् । यसलाई पनि सही रूपमा सम्पादन गरिएको हुनु पर्दछ । धेरै जना भिक्षुगण मिलेर धेरै सूत्रहरू पाठ गरी गरिने पाठलाई 'महापरित्राण' भनिन्छ । दुई जना मात्र भएर गरिने पाठलाई 'युगलपाठ' र एक जनाले पाठ गरिने परित्राणलाई 'एकलपाठ' भनिन्छ । विभिन्न प्रकारको मंगल कार्यदेखि संकट परिस्थितिहरूमा विभिन्न प्रकारको परित्राणहरूको पाठ गरिन्छ तर जुनै परित्राणको पाठ गरिए तापनि पञ्चशील, अष्टशील, दशशील ग्रहण, त्रिरत्न वन्दना पाठ र यसको मुख्य आसयअनुसारको परित्राणहरू पाठ गरी अन्तमा पुन्यानुमोदन गरिन्छ ।

<u>सन्दर्भग्रन्थ सूची</u>

कश्यप, जगदीश (अनु.) (ई.१९५९), *खुद्दकपाठ-धम्मपद-उदान-इतिवुत्तक-निपातपालि,* विहार राजकीय प्रकाशन मण्डल ।

कश्यप, जगदीश (अनु.) (ई.१९५४), *संयुक्त-निकय,* महाबोधि सभा ।

ढङ्गाना, नीलमणि (वि.सं.२०७८), *व्युत्पतिमूलक संस्कृत-नेपाली शब्दकोश,* साझा प्रकाशन ।

प्रधान, आनन्द (अनु.) (वि.सं.२०७६), *मिलिन्द-प्रश्न,* धर्ममान तुलाधर ।

बज्राचार्य, कविरकुमार (अनु.) (वि.सं.२०७०), *सूत्रनिपात,* त्रिपिटक ज्ञान कक्षा ।

बज्राचार्य, दुण्डबहादुर (अनु. र सं.) (वि.सं.२०५६),*दीर्घनिकाय,* पवित्रबहादुर बज्राचार्य ।

बज्राचार्य, दुण्डबहादुर (अनु. र सं.) (वि.सं.२०५७),*मज्झिमनिकाय,* पवित्रबहादुर बज्राचार्य ।

भिक्षु बोधिसेन महस्थविर(अनु.) (वि.सं.२०७०), *अङ्गुत्तरनिकाय-प्रथम भाग(एकक, दुक र तिकनिपात*), जेष्ठमाया बनिया ।

भिक्षु बोधिसेन महस्थविर(अनु.)(वि.सं.२०७२), *अङ्गुत्तरनिकाय-दोस्रो भाग(चतुक्क र पञ्चकनिपात*), काशीमाया मानान्धर ।

भिक्षु बोधिज्ञान(सं.) (वि.सं.२०७४), *परित्राण सूत्र,* मानदेवी शाक्य ।

भिक्षु शोभन,(अनु.) (वि.सं.२०६१), *मिलिन्द-प्रश्न,* दुण्डबहादुर बज्राचार्य ।

भिक्षु सुदर्शन,(सं.) (वि.सं.२०६८), *महापरित्राण,* आनन्दकुटी ।

मानन्धर, मदनरत्न (वि.सं.२०७६), *परित्राण,* भाजुरत्न स्मृति प्रतिष्ठान ।

शाक्य, धर्मरत्न (अनु.) (वि.सं.२०४६), *परित्राण,* धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।

सांकृत्यायन, राहुल(अनु.) (ई.१९३७), *दीर्घ-निकाय,* महाबोधि सभा ।

सांकृत्यायन, राहुल(अनु.) (ई.१९३३), *मज्झिम-निकाय,* महाबोधि सभा ।

Andersen, D. & Smith, H. (Ed. 1913), *Sutta-Nipata*. Pali Tex Society, London.
Carpenrer, J. E. (Ed. 1911). *The Digha Nikaya-Vol III*. Pali Tex Society, London.
Chalmers, R. C. (Ed. 1896). *Majjhima- Nikaya- Vol. II -Part 1*. Pali Tex Society, London.
Morris, R. (Ed. 1885). *The Anguttara-Nikaya-I (Ekanipata, Dukanipata, Tikanipata)*. Pali Tex Society, London.
Morris, R. (Ed.) (1888). *The Anguttara-Nikaya-II (Catukka Nipata)*. Pali Tex Society, London.
Morris, R. (Ed. 1882), *The Buddhavamsa and the Cariya-pitaka*. Pali Tex Society, London.
Feer, M.L. (Ed. 1998), *Samuytta-Niikaya Part V Maha-vagga*, Pali Tex Society, London.
Feer, M.L. (Ed. 1984), *The Samyutta-Nikaya Part I Sagatha- Vagga*, Pali Tex Society, London.
Smith, H. (Ed.1915). *The Khuddaka-Path*. Pali Tex Society, London.
Van Hien Study Group (Ed.) (1998). *The seeker's Glossary of Buddhism*. Sutra Translation Committee of the United States and Canada.
Vipassana Research Institute. *Pali Tipitaka* https://www.tipitaka.org/cst4